**हालसम्मका मुख्य मुख्य प्रगतिहरु**

- संविधानमा व्यवस्था भएको प्रावधान अनुसार यस नगरपालिकाका नगर उपप्रमुखज्यूको संयोजकत्वमा गठन भएको न्यायीक समितिमा हालसम्म बिभिन्न बिषयका १४ वटा मुद्दाहरु दर्ता भइ हालसम्म ७ वटा मुद्दाहरु प्रारम्भिक रुपमा छलफल भै कानून अनुसार मिलापत्र भएको र बाँकी मुद्दाहरु फर्छ्यौटका क्रममा रहेका छन् ।
- सम्पूर्ण वडा कार्यालयहरुमा कर्मचारीको व्यवस्थापन गरी वडा कार्यालयहरु मार्फत सेवा प्रवाह भैरहेको छ ।
- नगरपालिकाको दीर्घकालित आवधिक योजना तर्जुमाका लागि शहरी विकास तथा भवन निर्माण विभाग मार्फत प्रकृया अगाडी बढेको । साथै नगरपालिकाको नगर प्रोफाइल तयारीको प्रकृयामा रहको छ ।
- चालु आर्थिक बर्षमा निर्माणाधिन योजनाहरु मध्ये भौतिक पूर्वाधार, सामाजिक विकास तर्फ रु ५ लाख सम्मका ४४५ वटा, रु. १० देखि २० लाख सम्मका ९१ वटा, रु. २० देखि ५० लाख सम्मका ३० वटा रहका छन् । यि सम्पूर्ण योजनाहरु निर्माण सम्पन्न हुँदा सडक कालोपत्रे २५ कि.मी., ग्राभेल १२० कि.मी., नालि ६ कि.मि, कल्भर्ट २० वटा र सामुदायिक भवन २३ वटा निर्माण सम्पन्न हुने लक्ष्य रहेको छ । हालसम्म करिब ४५ प्रतिशत कार्य सम्पन्न भएको छ । बैशाख मसान्तसम्म ८५ प्रतिशत कार्य सम्पन्न गर्ने लक्ष्य रहकोछ ।
- घर नक्सा पास तर्फ नयाँ घर दर्ता ४२४, प्लिन्थ लेभलसम्म इजाजत पत्र प्राप्त २७७, सुपरस्ट्रक्चर सम्म इजाजत प्राप्त १३२, निर्माण सम्पन्न भई नक्सा पास सम्पन्न प्रमाणपत्र प्राप्त गर्ने ३६ घर रहेका छन । यसैगरी पुराना घर तर्फ हालसम्म अभिलेख दर्ता ३४२५ घर दर्ता भइ हालसम्म ८५३ घरले अभिलेख प्रमाणपत्र प्राप्त रहेका छन् । हालसम्म विभिन्न कारणले २३ वटा घरहरु नक्सा पास गर्न रोक्का गरिएको छ ।
- आन्तरिक आय र राजस्व बाँडफाँडबाट रु. ५ करोड रकम प्राप्त हुने लक्ष्य राखिएकोमा मिति २०७४ फागुन मसान्त सम्म आन्तरिक आयका विभिन्न शिर्षकहरुमा रु. १,१७,२५,३९१।६३ र राजस्व बाँडफाँडको घरजग्गा रजिष्ट्रेशन बाट रु. ३३,५९,२६३।- गरी जम्मा रु. १,५०,८४,६५४।६३ संकलन भएको छ । आन्तरिक आय बृद्धिका लागि नगरपालिकाले एकिकृत सम्पत्ती कर कार्यान्वयन तयारी र व्यवसाय कर संकलनका लागि उद्योग बाणिज्य संघ, व्यापारसंघसँग सहकार्य गरी कर अभियान सप्ताह मनाउने कार्य यसै आ.ब. मा सम्पन्न गर्ने गरी तयारी गरिएकोछ ।
- लेखा प्रणालीलाई पारदर्शी र व्यवस्थित बनाउन नेपाल सरकारद्वारा कार्यान्वयनमा ल्याइएको सुत्र (विद्युतिय प्रणाली) अबलम्बन गरिएको छ । जसबाट प्रत्येक दिनको आम्दानी, खर्च सहजै हेर्न सकिन्छ ।
- नगरपालिकाका प्रत्येक वडा अन्तर्गत टोल विकास संस्था गठन गरी यस्ता संस्था मार्फत स्थानीय स्तरमा बिभिन्न सामाजिक कार्यहरु सुचारु गरिएको छ । यस नगरपालिका भित्र रहेका विभिन्न जातजातीहरुको मौलिक संस्कृतीको जगेर्ना तथा प्रवर्धन गर्न विभिन्न महोत्सव, दिवस, पर्वहरु मनाउने कार्यक्रमहरु नियमितरुपमा भैरहेका छन् ।
- नगरपालिका सहित यसका सम्पूर्ण १० वटा वडा कार्यालयहरुमा इन्टरनेट जडान गर्ने कार्य सम्पन्न भैसकेको छ । नगरपालिकाको वेव साइट, फेसबुक पेज र ट्वीटर लगातार Update गर्ने काम भैरहेको छ ।
- सामाजिक सुरक्षा भत्ता बैंकिङ प्रणालिबाट वितरण गर्ने प्रकृया अन्तिम चरणमा पुगेको । व्यक्तिगत घटना दर्ता प्रत्येक वडा कार्यालयबाट Online प्रणालीबाट गर्ने कार्य समेत अन्तिम चरणमा रहेको छ ।

ऋषीराम मरासिनी
प्रमुख
प्रशासकीय अधिकृत